**पोखरा विश्वविद्यालय**

**व्यवस्थापन संकाय**

# स्नातकोत्तर तहको छात्रवृत्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७४/०४/०६)

पोखरा विश्वविद्यालय अन्तर्गतका आंगिक तथा सम्बन्धन प्राप्त कलेजहरुमा संचालित Master in Business Administration (MBA) कार्यक्रममा र सम्बन्धन प्राप्त कलेजहरुमा संचालित Master in Health Care Management (MHCM) र Master in Computer Information System (MCIS) कार्यक्रममा छात्रवृत्तिको लागि खुल्ला प्रतियोगिताबाट विद्यार्थी छनौट गर्नुपर्ने भएकोले अध्ययन गर्न इच्छुक र आवश्यक न्युनतम योग्यता पुगेका नेपाली नागरिक मध्येबाट दरखास्त आव्हान गरिएको छ । जम्मा सिट MBA- 39 seats, MHCM-3 seats, MCIS-3 seats संख्या मध्ये ६० प्रतिशत खुल्ला र ४० प्रतिशत दलित, जनजाति, दुर्गम क्षेत्र, अपाङ्ग, शहीद तथा जनआन्दोलन घाइते पिडित र मधेशी समुदाय छात्रवृत्तिको लागि सुरक्षित गरिएको छ । महिलाहरुको लागि खुला र आरक्षण दुवै प्रकारको छात्रवृत्तिमा ५०/५० प्रतिशत सिट आरक्षण गरिएको छ ।

**१. छात्रवृत्तिको प्रकार:-**

**क**) खुल्ला छात्रवृत्ति ख) लेखनाथ छात्रवृत्ति **ग**) दलित छात्रवृत्ति **घ**) जनजाति छात्रवृत्ति **ङ**) दुर्गम छात्रवृत्ति **च**) अपाङ्ग, शहिद तथा जनआन्दोलन घाइते पिडित छात्रवृत्ति र **ज**) शिक्षक कर्मचारी सन्तती छात्रवृत्ति, झ)मधेसी समुदाय छात्रवृत्ति ।

**२. उम्मेदवार हुनको लागि आवश्यक न्यूनतम योग्यता**

छात्रवृत्तिको दरखास्तको लागि देहाय बमोजिम योग्यता र शर्तहरु पुरा भएको हुनुपर्ने छ ।

(क) उम्मेदवार नेपाली नागरिक हुनुपर्नेछ ।

(ख) सार्वजनिक/ सामुदायिक / नेपाल सरकारको अनुदानमा संचालन भएको विद्यालयमा अध्ययन गरी एसएलसी पास गरेको हुनुपर्नेछ ।

(ग) मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह वा सो सरहको परीक्षामा कम्तिमा दोश्रो श्रेणीमा वा CGPA 2.0 ल्याई उत्तिर्ण भएको हुनु पर्ने । उत्तिर्ण भएको मितिले ३ बर्ष अवधि ननाघेको व्यक्तिले मात्र दरखास्त पेश गर्न सक्नेछन् ।

(घ) MBA कार्यक्रमको हकमा कम्तिमा १५ वर्षको शिक्षा (१० जोड दुई पछि ३ वर्षको स्नातक तह) पुरा गरेको हुन पर्नेछ ।

(ङ) MHCM कार्यक्रमको हकमा कम्तिमा BHCM/MBBS/PGDHCM वा सो सरह उत्तिर्ण गरेको हुन पर्नेछ ।

(च) MCIS कार्यक्रमको हकमा कम्तिमा BIT/BCA/BCIS/BIM वा सो सरह उत्तिर्ण गरेको हुन पर्नेछ ।

३. **उम्मेदवारले पेश गर्नु पर्ने आवश्यक कागजातहरुः**

सबै उम्मेदवारहरुले दरखास्त साथ देहायका स्वयंले प्रमाणित गरेका प्रमाणित प्रतिलिपि कागजातहरु पेश गर्नु पर्नेछः

(क) नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) एस.एल.सी वा सो सरहको परीक्षा उत्तिर्ण गरेको मार्कसिटको प्रतिलिपि,

(ग) प्रमाणपत्र तह वा दश जोड दुई तह वा सो सरहको परीक्षा उत्तिर्ण लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि

४. **माथि भनिएका कागजातहरुको अतिरिक्त देहाय बमोजिमको सिफारिस पत्रका तोकिए बमोजिम सक्कलै/वा प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ**

(क) एसएलसी उत्तिर्ण गरेको विद्यालय सार्वजनिक / सामुदायिक / नेपाल सरकारको अनुदानमा संचालन भएको विद्यालय हो भनि सम्बन्धित गा.वि.स. वा नगरपालिका वा जिल्ला शिक्षा कार्यालयको सिफारिस पत्रको सक्कलै,

(ख) छात्रवृत्ति विपन्न वर्गमा लक्षित भएकोले सबै प्रकारको छात्रवृत्तिको लागि उम्मेदवार विपन्न वर्ग (आर्थिक रुपबाट कमजोर भनि सिफारिस गरिएको) को हो भन्ने सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट सिफारिस पत्रको सक्कलै,

(ग) अपाङ्गको हकमा राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट अपाङ्ग भनि उपलब्ध गराएको आधिकारिक कागजातको प्रमाणित प्रतिलिपि,

(घ) जनजातिको हकमा आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट आदिवासी/जनजाती भनि उपलब्ध गराएको प्रमाणित प्रतिलिपि,

(ङ) दलितको हकमा दलित राष्ट्रिय आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट दलित जाती भनि उपलब्ध गराएको प्रमाणित प्रतिलिपि,

(च) मधेशीको हकमा सम्बन्धित व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट मधेशी जाती भनि उपलब्ध गराएको प्रमाणित प्रतिलिपि,

(छ) वेपत्ता पारिएका व्यक्ति वा शहिद परिवार तथा जनआन्दोलन घाइते वा निजको सन्ततीले गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट उपलब्ध गराएको प्रमाणित प्रतिलिपि,

(ज) लेखनाथ छात्रवृत्तिको हकमा साविक लेखनाथ नगरपालिकाको बासिन्दा भएको प्रमाणित कागजात ।

५. **दरखास्त फाराम पाउने स्थानः** क) पोखरा विश्वविद्यालय, व्यवस्थापन संकायको कार्यालय, लेखनाथ, ढुङ्गेपाटन, कास्की ।

विश्वविद्यालयको वेभ साइट www.pu.edu.np बाट पनि दरखास्त फाराम download गर्न सकिनेछ ।

६. **दरखास्त फाराम बुझाउने स्थानः** पोखरा विश्वविद्यालय, व्यवस्थापन संकायको कार्यालय, लेखनाथ, कास्की ।

७. **दरखास्त दस्तुरः** सबै उम्मेदवारहरुले आवेदन शुल्क रु. १,०००।- (अक्षेरुपी एक हजार मात्र) बुझाउनुपर्ने छ। व्यवस्थापन संकायको नाममा रहेको देहायमा बैंक खातामा जम्मा गरी सक्कलै भौचर पेश गर्नु पर्नेछ।

| **बैंकको नाम** | **खातावालको नाम** | **खाता नं.** |
|---|---|---|
| कामना विकास बैक (विश्वविद्यालयको गेट अगाडि) | व्यवस्थापन संकाय, पो.वि. | ०१२००३०००२६७९९-००००० २ |

८. **फाराम वितरण हुने मिति :** २०७४/०४/०६ गते देखि

९. **दरखास्त दिने अन्तिम मिति :** २०७४/०४/२० गतेसम्म

१०. **प्रवेश पत्र वितरणः** २०७४/०४/२१ गते भित्र

११. **परीक्षा हुने मितिः** २२०७४/०४/२२ गते बिहान ७:०० बजे

१२. **परीक्षाको किसिम :** लिखित (वस्तुगत) (क) जनरल अवारनेस, ख) क्वान्टिटेभि एविलिटी, ग) भर्वल एविलिटी, घ) लजिकल रिजनिङ्ग।

१३. **लिखित परीक्षाको समय :** तीन घण्टा।

१४. **परीक्षा केन्द्रः** स्कूल अफ बिजनेसको भवन, व्यवस्थापन संकाय, पोखरा विश्वविद्यालय प्राज्ञिक भवन कम्प्लेक्स, लेखनाथ, कास्की।

१५. **भर्नाको लागि सम्पर्क मितिः** परीक्षाफल यथासंभव शिघ्र प्रकाशित गरिने छ र सोही सूचनामा भर्ना सम्बन्धी मिति तोकिनेछ। भर्नाको लागि सिफारिश भएको उम्मेदवारले तोकिएको दिनमा भर्ना सम्बन्धी कागजात नदिएमा वा भर्नाको लागि दरखास्त दिन नसकेमा नीजको सट्टा बैकल्पिक उमेदवारलाई भर्नाको अवसर दिइनेछ।

१६. **सम्पर्क :** पोखरा विश्वविद्यालय, व्यवस्थापन संकायको कार्यालय, लेखनाथ, ढुङ्गेपाटन, कास्की

फोनः ०६१-५६१५४७ (लेखनाथ)

**पुनश्च-** माथि दरखास्त फाराम सहित माग भए बमोजिमका सक्कल तथा प्रमाणित कागजातहरु पेश नगरिएको तथा पछि पेश गर्ने शर्त राखी पेश गरिएको दरखास्त फाराम दर्ताको लागि अस्विकृत हुनेछ।

**व्यवस्थापन संकाय, स्नातकोत्तर तहको छात्रवृत्ति छनौट समिति, २०७४**

**पोखरा विश्वविद्यालय, लेखनाथ, कास्की।**